संघीयसंसद
संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

२०७५/१०/२० गते,आइतबार

# ३३औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष पदमा प्रस्तावित श्री बालानन्द पौडेल, राष्ट्रिय समावेशी आयोगको अध्यक्ष पदमा प्रस्तावित डा. शान्तराज सुवेदी, मधेशी आयोगको अध्यक्ष पदमा प्रस्तावित डा.विजयकुमार दत्त, थारु आयोगको अध्यक्ष पदमा प्रस्तावित श्री बिष्णुप्रसाद चौधरी र मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित श्री समिम मियाँ अन्सारीको सुनुवाई प्रक्रिया अगाडि बढाउन सरकारी सञ्चार माध्यमबाट सूचना सार्वजनिक गर्ने निर्णय गरियो ।

२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोगको अध्यक्ष, थारु आयोग र मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित व्यक्तिहरुको सुनुवाई प्रक्रिया प्रारम्भ गर्ने सम्बन्धमा छलफल हुँदा मा.पुष्पा भूसाल (गौतम), मा.जितेन्द्रनारायण देव, मा. भिमसेन दास प्रधान र मा. ज्ञानेन्द्र बहादुर कार्कीले संवैधानिक परिषद्ले यस सम्वन्धमा गरेको निर्णय प्रक्रियामा आफ्नो असहमती रहेको व्यहोरा लिखित रुपमा जानकारी गराउदैं त्यसपछिको प्रक्रियामा भाग लिन नसकिने भन्दै बैठक कक्षबाट बाहिर निस्कनुभयो ।